पहिलो कार्यकालको हाम्रो अभियान

शिक्षा, स्वास्थ्य, कृषि पूर्वाधारमा विशेष ध्यान

# राप्ती नगरपालिकाको विकासका झलकहरू

## (२०७४-२०७८)

राप्ती नगरपालिका चितवन
नगर कार्यपालिकाको कार्यालय
भण्डारा, चितवन, बागमती प्रदेश

# राप्ती नगरपालिका चितवन

**प्रमुख संरक्षक**

नगर प्रमुख श्री प्रभा बराल पौडेल

**संरक्षक**

उपप्रमुख श्री इमान सिंह लामा

राप्ती नगरपालिकाको प्रगति विवरण निर्माणका लागि

**सल्लाहकार तथा सुझाव समिति**

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल

उपसचिव श्री शम्भुप्रसाद पौडेल

श्री महेश्वर लामिछाने

**सम्पादन समिति**

श्री शैलेन्द्र भण्डारी (अधिकृत आठौँ)

श्री दिपक थिङ (प्रशासकीय अधिकृत)

श्री सुरेश न्यौपाने (जनस्वास्थ्य अधिकृत)

श्री गोपाल तिवारी (लेखा अधिकृत)

श्री राजेन्द्र मैनाली (शाखा अधिकृत)

श्री शारदा देवी शर्मा (अधिकृत छैठौ)

श्री मुक्ति पौडेल (अधिकृत छैठौ)

श्री युवराज सुवेदी (आ.ले.प. अधिकृत)

श्री सन्दिप ओझा (इन्जिनियर)

श्री सुरज भट्टराई (इन्जिनियर)

श्री अर्जुन पौडेल (इन्जिनियर)

श्री तुल्सी अधिकारी (सि.अ.न.मी. निरीक्षक)

श्री लक्ष्मी कँडेल (सूचना प्रविधि अधिकृत)

श्री दिपेन्द्र चौधरी (रोजगार संयोजक)

श्री खगेन्द्रप्रसाद पाठक (लेखापाल)

श्री सञ्जिव रेग्मी (स.ले.पा.)

श्री देवी अधिकारी (सहायक महिला विकास निरीक्षक)

श्री विकास मुक्तान (कानुनी सहजकर्ता)

श्री समज थापा/श्री पवित्रा पुरी (उद्यम विकास सहजकर्ता)

श्री रमेश चौधरी (कम्प्यूटर अपरेटर)

श्री पुजा कँडेल (एम.आइ.एस. अपरेटर)


प्रकाशक :

**राप्ती नगरपालिका चितवन**

नगर कार्यपालिकाको कार्यालय

भण्डारा, चितवन, बागमती प्रदेश

: ०५६-५५००१५, ५५०५२०, ५५०१८५

: https://raptimun.gov.np/

: contact@raptimun.gov.np

: https://www.facebook.com/Helloraptinagarpalika/

# भूमिका



नेपाली जनताको लामो सङ्घर्ष, आन्दोलन र बलिदान पश्चात् स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल नेपाली जनताका प्रतिनिधिद्वारा निर्माण गरिएको नेपालको संविधान २०७२ र संविधानले जनताको हरेक मनोभावनाबाट देशको सबै कुनाकाप्चामा सरकारको अनुभूति जनतालाई दिलाउन एकात्मक शासनको सट्टा सङ्घात्मक शासन व्यवस्थाको स्थापना गरी सबै नेपाली जनताको घर-घरमा सिंहदरबार पुऱ्याएर देख्न सक्ने, छुन सक्ने, हेर्न सक्ने, महसुस गर्न सक्ने र अनुभूति गर्न सक्ने सरकारको अवधारणाअनुसार स्थानीय सरकारको व्यवस्था संविधानमा गरियो । राप्ती नगरपालिका देशका अन्य नगरपालिकाभन्दा धेरै पछि स्थापना भएको नगरपालिका हो । साविकका ५ वटा गाविसहरू क्रमशः भण्डारा, पिप्ले, वीरेन्द्रनगर, कोराक र लोथर मिलेर बनेको यस नगरपालिकामा उत्तरमा लालीगुराँस फुल्ने, मध्य भागमा धान, मकै, तोरी र तरकारीहरू झुल्ने समथर भूभाग र दक्षिणमा विश्व सम्पदा सूचीमा समावेश गरिएको चितवन राष्ट्रिय निकुञ्ज, निकुञ्जको जङ्गली जनावर र चराचुरुङ्गीहरूले यो नगरपालिका प्राकृतिक रुपमै सुन्दर रहेको छ । यस नगरपालिकाले २१२.१२ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । यस राप्ती नगरपालिकामा २०७८ को प्रारम्भिक जनगणना अनुसार ६६,४२६ जना जनसङ्ख्या रहेको छ । जसमा महिला, ३३,८१७ र पुरुष ३२,६०९ रहेका छन् । भौगोलिक हिसाबले पहाड र तराइ मिलेर बनेको यस नगरपालिकामा विभिन्न जाति, भाषा, धर्म, सांस्कृति र रीतिरिवाज मान्ने समुदायका मानिसहरूको बसोबास रहेको छ । भौगोलिक हिसावले धार्मिक सांस्कृतिक हिसाबले, आर्थिक हिसाबले विविधता भएको यस राप्ती नगरपालिकालाई योजनाबद्ध ढङ्गले अगाडि बढाउने हो भने धेरै अवसरहरू छन् ।

राप्ती नगरपालिकाको आर्थिक विकासका लागि पहाडतर्फ प्रशस्त मात्रामा फलफुलहरू चिउरी, कागती, निबुवा लगायतका फलफुल लगाई माउरी पालन र वेमौसमी तरकारी खेती गर्ने मध्यभागको पूर्व-पश्चिम भएर गएको महेन्द्र हाइवे जसको उत्तरतर्फ बस्ती बसोबासको लागि व्यवस्थापन गरी प्रसस्त मात्रामा पशुपालन गर्ने, हाइवेको दक्षिणतर्फ प्रशस्त खेतीयोग्य जमिन भएकोले धान, मकै, गहुँ, तोरी र तरकारीजस्ता व्यावसायीक खेती गर्ने, निकुञ्ज नजिकको क्षेत्रमा पर्यटन विकास गर्ने हाम्रो इच्छा बढिरहेको हुँदा सामुदायिक वन र मध्यवर्ती वनलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्दै पुरानो रुख झिकेर जनताको काठ दाउराको समस्या

समाधान गर्ने र एक रुख झिक्दा १० ओटा बिरुवा रोप्ने, जङ्गलमा जङ्गली जनावर र चुराचुरुङ्गीमैत्री वातावरण सृजना गरी पर्यटनलाई आकर्षण गर्दै जङ्गलमा विभिन्न जातिका फलफूलका बिरुवा रोपेर चराचुरुङ्गी र जनावरलाई बाँच्ने आधार तयार गर्ने साथै पशस्त मात्रामा जडीबुटी लगाउने गर्दा राम्रो हुन्छ भने यस नगरपालिकाको उत्तर-दक्षिणबाट बगेको खहरे खोलाहरू लोथर, मार्ताल, ढङ्गे, पम्फा, च्यात्रा र लदरालाई नदी करिडोरको व्यवस्थित योजना बनाई नदीलाई आवश्यक बग्ने क्षेत्र छोडी बाँकी जग्गा नदी उकास गरी सो नदी उकासका जग्गालाई औद्योगिक ग्राम निर्माण, वृक्षारोपण, गार्डेन, बस्ती बसाउने जस्ता कामहरू गर्न सकिन्छ र नदीका ढुङ्गा, गिट्टी, बालुवालाई वातावरण नबिग्रने र खोलाले क्षति नपुऱ्याउने गरी आ.इ.इ. गरेर प्राविधिकको सल्लाहअनुसार जनतालाई आवश्यक पर्ने सामग्री झिकेर सहजीकरण गर्न सकिने अवस्था रहेको छ ।

यस नगरपालिकाका केहीचुनौतीहरू पनि छन् । भौगोलिक हिसाबले विकट पहाडी क्षेत्र जसमा अत्यन्त थोरै मात्रामा उर्वरभूमि छ । आर्थिक रुपबाट पछाडि परेको पहाडी भूभाग त्यस भूभागमा बसोबास गर्ने चेतनाका हिसाबले पछाडि भएको सिमान्तकृत समुदाय चेपाङ जाति यो समुदायलाई नगरपालिकाको सबै हिसाबले समुदायको अग्रपङ्क्तिमा ल्याउनुपर्ने दायित्व छ । साथै पहाडमा पूर्वाधारको विकासलाई अगाडि बढाउनु पर्नेछ । यस नगरपालिकाको उत्तर-दक्षिण खोलालाई नदी करिडोरको सोच बनाई नदी अभिशाप होइन अवसरका रुपमा परिणत गर्नुपर्ने छ । यस नगरपालिकाको वर्षौदेखि बस्दै आएको अव्यवस्थित बसोबासी (ऐलानी बस्ने) लाई पूर्जाको व्यवस्था गर्नुपर्ने छ साथै सुकुम्बासी समस्या समाधान गर्नुपर्नेछ । मेहनत गरेर कृषि उत्पादन गरेका किसानलाई उचित मूल्य दिलाउन र किसानलाई कृषिप्रति आकर्षित गराउनु पर्नेछ । बेरोजगारी समस्या समाधान गरेर युवाहरूलाई आफ्नो योग्यता र क्षमताको आधारमा बाच्ने आधार तयार गर्नुपर्ने दायित्व नगरपालिकाको छ । जव देशमा नेपालको संविधान २०७२ घोषणा भयो तत्कालै २०७४ चैत्र ३१ गते स्थानीय तहको निर्वाचन घोषणा तथा निर्वाचन सम्पन्न पश्चात् यस नगरपालिकामा जनताबाट अनुमोदित भएर आयौं । जतिबेला नगरपालिकामा नगरपालिका भवन, वडा कार्यालयहरू, शाखागत कार्यालयहरू, अस्पताल, सबै वडामा आधारभूत स्वास्थ्य चौकीहरू, पशुस्वास्थ्य कार्यालय, नगर सभाहल केही पनि थिएन । केही समय नगरप्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू १३ जना साथै प्रशासनका कर्मचारीहरू जिल्लाबाट आएका विभिन्न शाखाहरू शिक्षा, स्वास्थ्य पशु शाखा, कृषि, महिला तथा बालबालिका लगायतका शाखाहरू एउटै भवन साविक भण्डारा गाविसमा बस्यौं । जुन

समयमा हामीले जनतालाई सेवा दिनु हाम्रो दायित्व थियो । अत्यन्त अप्ठ्यारोको परिस्थितिका बाबजुद हामीले एकै ठाउँबाट सेवाप्रदान गर्ने काम गऱ्यौ । शाखागत तबरबाट जिल्लाको कार्यालय पालिकामा हस्तान्तरण गरेर काम गर्न सो कामलाई व्यवस्थित गर्न सजिलो थिएन । क्रमशः नगरपालिकाले १३ वटै वडा कार्यालयहरू आ-आफ्नो वडाहरूमा निर्माण गरी व्यवस्थापन गर्ने, सबै शाखाहरूलाई शाखागत रुपमा व्यवस्थापन गर्ने, नगरपालिका भवन निर्माण गर्ने, जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने, भण्डारा अस्पताल तत्काल स्थापना गर्ने, १३ वटै वडामा आधारभूत स्वास्थ्य केन्द्रबाट सेवा प्रदान गर्ने, पशुस्वास्थ्य कार्यालय स्थापना गर्ने जस्ता कामहरू गरेका छौँ । हामी नेपालको संवैधानिक व्यवस्था अनुसार निर्वाचित भएर आयौँ तर पर्याप्त काम गर्ने कर्मचारीको व्यवस्था थिएन हामीले हाम्रो स्थानीय सरकारको अधिकारभित्र रहेर नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको स्थानीय सरकारको अधिकारको क्षेत्रभित्र रहेर काम गर्नुपर्ने दायित्व भएकोले ऐन, कानुन, कार्यविधि, नियमावली र निर्देशिका बनाएर कर्मचारीको व्यवस्थापन गर्दै हाम्रा कामहरूलाई अगाडि बढायौँ । नगरपालिकामा निर्वाचित भएपछि नगरपालिकाको यथार्थ तथ्यगत डाटा हामीसँग केही पनि थिएन । हाम्रो जनसङ्ख्या, विभिन्न उमेर समूहको जनसङ्ख्या र कुन कुन जात भाषा धर्म र संस्कृति मान्ने र शैक्षिक स्तर के कति भएको जनसङ्ख्या कति र कुन कुन धर्म मान्ने कति, कुन भाषा बोल्ने जातिहरू कति, शैक्षिक अवस्था कस्तो, आर्थिक अवस्था कस्तो, धार्मिक-सांस्कृतिक अवस्था कस्तो रहेको छ सो अवस्थाभित्र रहेर हाम्रो नगरको बजेट व्यवस्थापन र कार्यक्रम बनाउनुपर्ने थियो । सो नहुँदा अप्ठ्यारो भएकोले प्रारम्भिक डाटा तयार गर्न गणक व्यवस्था गरी दुई महिना लगाएर सबै तथ्याङ्क तयार गरी नगरपालिकाको नगर प्रोफाइल तयार गरी सो अनुसार नीति तथा कार्यक्रम बनाई बजेट विनियोजन गर्ने र प्राथामिकताको आधारमा कामहरू सम्पन्न गर्ने काम गरियो । राप्ती नगरपालिकालाई आन्तरिक रुपले आर्थिक रुपले सबल र सक्षम बनाउन राप्तीको आर्थिक उत्पादन गर्न सक्ने क्षेत्र कुन कुन हुनसक्छ ? भन्ने विषय जनप्रतिनिधि, सरोकारवालाहरू, पार्टीका प्रतिनिधिहरू, विभिन्न शाखा प्रमुखहरू, कर्मचारी प्रशासन र सहरी विकास मन्त्रालयको संयुक्त आयोजनामा गोष्ठी गरी "राप्ती नगरपालिकाको आधार कृषि पर्यटन र पूर्वाधार" भन्ने नारा तयार गरी अब राप्तीमा आन्तारिक आयलाई वृद्धि गर्ने हो भने कृषिको विकास, पर्यटनको विकास र पूर्वाधार विकास गर्न जरुरी छ भन्ने ठहर भएको छ र सोहीअनुसार प्राथामिकता दिदै बजेट विनियोजन गर्ने काम भयो । हामी निर्वाचित भएको पहिलो कार्यकाल नगरपालिकालाई भौतिक

रुपबाट व्यवस्थापन, प्रशासनिक ढङ्गले चुस्त दुरुस्त छिटो, छरितो बनाउन अत्यावश्यक भौतिक पूर्वाधार निर्माणका काम गर्नुपर्ने विद्यालयमा बालबालिकालाई वालमैत्री भवन निर्माण गरी व्यवस्थित पठन-पाठन, अस्पतालबाट र स्वास्थ्य चौकीबाट सजिलै जनतालाई स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने, सामाजिक सुरक्षाभत्ता, अपाङ्गता भएकाहरूको भत्ता लगायतका कामलाई व्यवस्थित ढङ्गले अगाडि बढाउनुपर्ने, हरेक कामलाई पारदर्शी, छिटोछरितो र वैज्ञानिक ढङ्गले सम्पन्न गर्न कम्प्युटर अनलाइन सिस्टमबाट काम अगाडि बढाउने, नगरपालिकामा विधिसम्मत तरिकाले काम गर्नका लागि ऐन, नियम, कार्यविधि, निर्देशिका निर्माण गर्न सङ्घ, प्रदेशका माननीय मार्फत् समन्वय गरी विभिन्न आयोजनाको बजेट माग गरी कार्यान्वयन गर्ने, विभिन्न गैर सरकारी संस्थासँग समन्वय गरी शिक्षा, स्वास्थ्य, खानेपानी, तटबन्धन र विद्युत विस्तारका कामहरू गर्ने, दक्षिणतर्फको जङ्गली जनावर र मानवबस्ती विचको द्वन्द्व अन्त्य गर्न कङ्क्रिटवाल निर्माण गर्ने, सङ्घ र प्रदेशका माननीय र नगरपालिकाको संयुक्त समन्वयमा सम्पन्न गर्न राष्ट्रपति तराइ चुरे संरक्षण कार्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, उद्यम विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका कार्यक्रमहरू व्यवस्थित ढङ्गले सुचारु गर्ने जस्ता कामहरू यस नगरपालिकाले सञ्चालन गरेको छ ।

हामी निर्वाचित भएर आएपछि २०७२ सालको भूकम्पबाट प्रभावित घरहरूको निर्माण गरी बस्ने व्यवस्था गर्नु र असुरक्षित बसोबासीलाई सुरक्षित ठाउँमा ल्याएर बसोबास गराउने र लालपूर्जा वितरण गर्ने काम भएको छ। नगरपालिकामा निर्वाचित भएपश्चात् २०७५सालको बाढी र त्यसबाट प्रभावित जनताको धनजनको उद्धार गर्नुपर्ने जिम्मेवारीलाई हामीले पूरा गऱ्यौं ।

२०७६ साल वैशाखमा विश्वव्यापी रुपमा फैलिएको कोराना भाइरसले नेपालमा थोरै पालिकामध्ये हाम्रो नगरपालिकालाई सुरुमा नै प्रभावित पाऱ्यो । हाम्रो पूर्वतयारी क्वारेन्टाइनको व्यवस्था, नगरभित्रका सबै एम्बुलेन्सलाई आवश्यक सुरक्षित सामग्रीसहितका व्यवस्थापनका कारण त्यसलाई व्यवस्थापन गर्न सकियो । नगरपालिकाले स्वास्थ्यकर्मी परिचालन क्वारेन्टाइन व्यवस्था गरी पहिलो चरणमा विदेशबाट आउनेलाई क्वारेन्टाइन राख्ने व्यवस्था RDT र PCR परीक्षण गर्ने काम गऱ्यो । दोस्रो चरणमा डेल्टा नामक भेरियान्टले पनि हाम्रो नगरपालिकामा निकै नै प्रभावित पारेको थियो । सबै वडाहरूमा स्वास्थ्यकर्मी परिचालन गरी नगरपालिकामा आइसोलेसन स्थापना गरियो । त्यतिले मात्र नपुगी पूर्वचितवनका चार नगरपालिकाले संयुक्त रुपमा आइसोलेसन स्थापना गरेर क्वारेन्टाइन सञ्चालन गरी जनतालाई सेवा प्रदान गर्ने काम

गरिएको थियो । कोरोनाको तेस्रो लहर आउँदासम्म त्यति क्षति भएन तर बिरामी धेरैजना हुने अवस्था रह्यो । नगरपालिकाले कोभिशिल्ड, जोनसन एण्ड जोनसन, भेरोसेल लगायतका खोप १२ वर्षभन्दा माथिकालाई लगाएर सुरक्षित गरिएको छ । हामीले जति धेरै नगरको विकास आयोजनाका कामहरू विधिसम्वत ढङ्गले सञ्चालन गर्न सक्ने थियौ । कोभिडका कारण सोही किसिमले तीव्र गतिमा नगरपालिकाका काम गर्न सकिएन तर पनि हामीले सङ्घ प्रदेशको विभिन्न अप्ठ्याराका बाबजुद पनि सबै जनप्रतिनिधि, सल्लाहकारहरू, राष्ट्रसेवक कर्मचारीहरू प्राविधिकहरू राजनीतिक पार्टीहरू विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू, जिल्ला समन्वय समिति, टोल विकास संस्थाहरू प्रहरी प्रशासन लगायत सम्पूर्ण राप्ती नगरबासी जनसमुदायहरूको साथ र सहयोगबाट तपसिल बमोजिमका कामहरू गरिएको छ । जसलाई सङ्क्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

**प्रभा बराल**
नगर प्रमुख
राप्ती नगरपालिका

# मेरो भनाई



नेपालभित्रको एउटा सानो भूगोल हो "राप्ती नगरपालिका" । "पालिका" सबै नगरबासीको साझा घर हो त्यसकारण यो महत्वपूर्ण सार्वजनिक सम्पत्ति पनि हो । यो साझा घरलाई सुन्दर, शान्त र समृद्ध बनाउन सके मात्रै यस साझा घरभित्र बसोबास गर्ने नगर परिवारको सुख समृद्धि सम्भव छ । समग्र घरको उन्नति-प्रगतिका लागि घरका सदस्यहरू शारीरिक, मानसिक तथा सामाजिक रुपमा स्वस्थ र शसक्त हुन जरुरी हुन्छ । हरेक कुराको विकासका लागि इमान्दारिता, पारदर्शिता, लगनशीलता र सकारात्मक दृष्टिकोणको आवश्यकता अपरिहार्य छ ।

भविष्यमा सुखी नगरबासी समृद्ध नगरपालिका निर्माणका लागि विगत र वर्तमानको राप्ती नगरपालिकालाई सही रुपमा अध्ययन विश्लेषण गरी चिन्न जरुरी छ । विगतमा २० वर्षसम्म जनप्रतिनिधिविहीन स्थानीय तह र २०७४ पछि जनप्रतिनिधिहरू निर्वाचित भएर आएपछिको विकासको गतिबिच भिन्नता बुझ्न र महसुस गर्न आवश्यक छ । हामी २०७४ मा पालिकामा आएपछि साना-ठुला सबै किसिमका समस्याहरूको पहिचान गर्दै तिनको प्राथमिकीकरण गरी कार्य सम्पादन गर्ने गरेका छौँ । सुरुवातमा कार्यालयको कुनै पनि भवन थिएन, १-१३ नं. वडासम्मका सबै जनप्रतिनिधि कर्मचारीहरू एकै ठाउँमा एउटा सानो घरमा अत्यन्तै असहज वातावरणमा कामकाज गरी जनतालाई सेवा प्रदान गर्यौं । तसर्थ सहज सेवाप्रवाह हुनको लागि पहिलो वर्ष वडा कार्यालय, स्वास्थ्य चौकी, अस्पताल, विद्यालय लगायतका प्रशासनिक र अन्य भवनहरू निर्माण गर्न हामी बाध्य भयौं । फलस्वरुप उत्पादनमूलक तथा रोजगारमूलक क्षेत्रमा पर्याप्त बजेट मार्फत लगानी गर्न सकेनौं । किनभने जनतालाई सेवा सुविधा दिने प्रशासनिक भवन नै नभएपछि जनताले धेरै दु:ख-कष्ट, अप्ठ्यारो भोग्नु परेकोले भौतिक निर्माणमा नै जोड दिनुपर्ने बाध्यात्मक अवस्था रह्यो । तथापि जे जति काम भएको छ, जे जति कार्य गर्‍यौं जनता कै हितमा गरेका छौं । हामीले यो ५ वर्षमा गरेका मुख्य-मुख्य कामहरूको विवरण यस हाते पुस्तकमा समावेस गर्ने प्रयास गरेका छौं । हामी नगरपालिकामा रहेर जनताको सेवा गर्ने सिलसिलामा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण जनप्रतिनिधिहरू, सल्लाहकारहरू, सबै शाखाका प्रमुख तथा कर्मचारीहरू, सबै राजनितिक दलका मित्रहरू, पत्रकार तथा सञ्चारकर्मी मित्रहरू, सुरक्षा निकायका सुरक्षाकर्मी मित्रहरू, सरकारी तथा विभिन्न गैरसरकारी सङ्घ संस्थाहरू र अन्त्यमा विशेष गरी सम्पूर्ण नगरबासी आमा-बुवा, दाजु-भाइ तथा दिदी-बहिनीहरूमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

**इमान सिंह लामा**
उप-प्रमुख
राप्ती नगरपालिका, चितवन

# दुई शब्द



राप्ती नगरपालिका भण्डारा चितवनको आ.व. २०७४/०७५ देखि २०७८/०७९ को पौष मसान्तसम्म करिव साढे चार वर्षमा सम्पादन गरेका मुख्य कार्यहरूको हाते पुस्तक प्रकाशन गरिएको छ।

यस अवधिमा नगरपालिकाको मुख्य उपलब्धीका रुपमा नगर प्रशासनिक भवन, वडा कार्यालय भवनहरू, आधारभूत स्वास्थ्य केन्द्रसहितका भौतिक संरचनाहरू, वडा कार्यसम्म पुग्ने सडकहरू निर्माण भएको साथै दश शैयाको नगर अस्पतालको निर्माण कार्य शुभारम्भ, खरको छानो विस्थापित गरी ३६८ परिवारलाई आवास निर्माण, नगर सभाहल, खोपकेन्द्र, सामुदायिक भवन लगायत १३० वटा भवनहरूको निर्माण तथा मर्मत गरिएको छ। चेपाङ समुदायमा २० वर्षसम्म अविवाहित रही अध्ययन गरिरहेका छात्राहको लागि जनही रु. पन्ध्र हजार प्रोत्साहन रकम, दुग्ध किसानहरूको लागि प्रतिलिटर रु. ५० पैसा अनुदान, विपन्न नगरबासीलाई करिब ३० वटा घर पूर्ण रुपमा निर्माण, विपन्नलाई जस्तापाता वितरण, कृषकहरूलाई अनुदानमा कृषि औजार र बिउ बिजन वितरण, सेवालाई प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग गरिएको छ। यस नगरका विपन्न चेपाङ्ग समुदायलाई विकासको मूल प्रवाहमा ल्याउनु, भूमिहीन, दलित तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नु र लोथर, राप्ती लगायतका अन्य खहरे खोलाहरूले वर्षायाममा गर्ने कटान र जनधनको नोक्सानलाई रोकथाम एवं नियन्त्रण गर्नु प्रमुख चुनौतीको रुपमा रहेका छन्।

विकास कुनै जादुको छडी नभइ निरन्तर रुपमा चलिरहने सकारात्मक प्रक्रिया हो। सीमित स्रोत र असीमित आवश्यकता बिचको तादात्म्यता कायम गर्दै नगरलाई समृद्ध बनाउनु आजको आवश्यकता हो जसलाई पूरा गर्नको लागि जनप्रतिनिधि, प्रशासन संयन्त्र, बुद्धिजीवी लगायत सम्पूर्ण नगरबासीको साझा कर्तव्य हुन आउँछ।

अन्त्यमा नगरपालिकाको चौतर्फी विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सङ्घ तथा प्रदेश सरकार, माननीय मन्त्रीज्यूहरू, पूर्व मन्त्रीहरू, विकासलाई आफ्नो बल र वुताले भ्याएसम्म कार्य गर्ने आदरणीय नगर प्रमुख, उप-प्रमुख, वडा अध्यक्षज्यूहरू लगायत सबै जनप्रतिनिधिज्यूहरू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक पार्टीहरू, बौद्धिक व्यक्तित्वहरू, नगर सल्लाहकारहरू, पत्रकार मित्रहरू, नगरबासीहरू सबैप्रति हार्दिक आभार प्रकट गर्दछु।

**गंगाबहादुर भुजेल**
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | भौतिक पूर्वाधारतर्फ भएका उपलब्धीहरू | ११ |
| २ | शिक्षातर्फ भएका उपलब्धीहरू | २४ |
| ३ | शिक्षातर्फ भएका महत्वपूर्ण कार्यहरू | २५ |
| ४ | स्वास्थ्य क्षेत्रमा भएका उपलब्धीहरू | ३२ |
| ५ | स्वास्थ्यतर्फ भएका कार्यक्रमहरूको विवरण | ३३ |
| ६ | विपन्न नागरिक उपचार सहायता सिफारिस | ३४ |
| ७ | कोरोना महामारी नियन्त्रणसम्बन्धी भएका कार्यहरू | ३४ |
| ८ | कृषि तथा पशुपन्छी विकासमा भएका कार्यहरू | ४३ |
| ९ | सूचना प्रविधि तथा सञ्चार क्षेत्रमा भएका कार्यहरू | ५० |
| १० | महिला तथा बालबालिका, सामाजिक सुरक्षातर्फ | ५३ |
| ११ | सामाजिक सुरक्षाको सङ्ख्यात्मक विवरण | ५३ |
| १२ | मानव संशाधन तथा सिप विकास सम्बन्धी कार्य | ५८ |
| १३ | विपद व्यवस्थापन सम्वन्धी कार्य | ६३ |
| १४ | प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रगति वितरण | ६५ |
| १५ | वन तथा वातावरण विकास र पर्यटनतर्फ भएका कार्यहरू | ६८ |
| १६ | आ.व. ७४/७५ देखि ७७/७८ सम्म भएका न्यायिक समिति अन्तर्गतका कार्यहरू | ६९ |
| १७ | न्यायिक कार्यहरू | ६९ |
| १८ | विभिन्न कानुनहरूको निर्माण | ७२ |
| १९ | नगरपालिकामा कार्यरत विभिन्न समिति | ७३ |
| २० | सुकुम्बासी समस्या समाधानका लागि नगरपालिकामा हालसम्म भएका प्रयास तथा प्रगति | ७४ |
| २१ | २०७४ मा निर्वाचित जनप्रतिनिधिहरूको विवरण | ७५ |

# भौतिक पूर्वाधारतर्फ भएका उपलब्धीहरू

| शीर्षक | निर्माण कार्य/मर्मत | परिमाण | एकाइ |
|---|---|---|---|
| १ | ग्रेभेल मर्मत | १४६.००४५५ | कि मी |
| २ | नयाँ ट्र्याक/रोड चौडा | ११२.९१२६ | कि मी |
| ३ | कालो पत्रे | १२.९३६४ | कि मी |
| ४ | आर.सि.सि रोड | ९.२३१९३ | कि मी |
| ५ | मोजाइक रोड | १.५३१८६२ | कि मी |
| ६ | पक्की नाला/ढल | १४.१५३२८ | कि मी |
| ७ | विद्यालय निर्माण तथा मर्मत | ११० | वटा |
| ८ | डि.पि आर तथा गुरु योजना | २९ | वटा |
| ९ | कंक्रिट वाल तथा मेस जाली | २.०७१ | कि मी |
| १० | सि.सि.टि.भि जडान | १३० | वटा |
| ११ | सार्वजनिक भवन | १३६ | वटा |
| १२ | पर्यटन क्षेत्र | २३ | वटा |
| १३ | सिञ्चाइ कुलो तथा बोरिङ्ग | १५.२७७६ | कि मी |
| १४ | खानेपानी क्षेत्र | ११९ | वटा |
| १५ | पुल/कल्भर्ट | ३७ | वटा |
| १६ | विद्युत बिस्तार | १६ | वटा |
| १७ | मन्दिर /गुम्बा/चर्च | १०३ | वटा |
| १८ | स्वास्थ्य चौकी निर्माण तथा स्तरोन्नति | ३१ | वटा |
| १९ | खोलानाला तटबन्ध | ५.१९२२९ | कि मी |
| २० | विपन्नलाई घर | ५ | वटा |
| २१ | घर नक्सा | २७५२ | वटा |

| सि.नं. | योजना तथा कार्यक्रम | सि.नं. | योजना तथा कार्यक्रम |
|---|---|---|---|
| १ | राप्ती नगरपालिकाको प्रशासकीय भवन निर्माण | २४ | विभिन्न पर्यटकीय स्थानहरूमा पार्क निर्माण |
| २ | वडा कार्यालयको भवन निर्माण | २५ | परेवाकोट भ्यू टावर सहितको पार्क राप्ती - १ |
| ३ | स्वास्थ्य कार्यालय भवन निर्माण | २६ | शिखर हरियाली इकोपार्क राप्ती - ५ |
| ४ | वन्यजन्तु र मानवबिचको द्वन्द अन्त्य गर्न कंक्रिट वाल निर्माण | २७ | नागदह पार्क राप्ती -५ |
| | | २८ | जे पी भेटवाल पार्क राप्ती - ६ |
| ५ | नयाँ ट्रयाक खोल्ने कार्य | २९ | भासमाडी गैडाताल राप्ती - ६ |
| ६ | उच्च स्तरीय ग्रेवल | ३० | बाघदेवी सङ्ग्राहालय राप्ती - ७ |
| ७ | कालोपत्रे सडक निर्माण | ३१ | रातोमाटे डाडा फनपार्क राप्ती - ८ |
| ८ | ढलान सडक निर्माण | ३२ | पानीसरा ढाप पिपुल्स पार्क राप्ती - ९ |
| ९ | मोजायक टायल गरिएको सडक निर्माण | ३३ | कमिनचुली पर्यटकीय स्थल निर्माण - १० |
| १० | पक्की नाला निर्माण | ३४ | खानेपानी धारा वितरण |
| ११ | खोला तटबन्ध | ३५ | नयाँ स्पर निर्माण |
| १२ | चेक ड्याम निर्माण | ३६ | कुलो निर्माण तथा मर्मत |
| १३ | खानेपानी पाइप लाइन विस्तार | ३७ | जलधार संरक्षण |
| १४ | नगरका सबै स्थानमा बाटो पुऱ्याइएको | ३८ | विद्युत प्रसारण लाइन विस्तार वडा नं. १० देखि १२ सम्म |
| १५ | ट्रस पुल निर्माण | | |
| १६ | वडा नं. १०, ११,१२ र १३ का वडाहरूमा एकीकृत वस्ती निर्माणका लागि योजना बनाइएको | ३९ | सार्वजनिक जग्गा संरक्षण |
| | | ४० | नगरका प्रमुख सडकहरूमा सिसि क्यामेरा जडान गरिएको । |
| १७ | सोलार वितरण | | |
| १८ | पुल निर्माण | ४१ | आयुर्वेदिक औषधालय निर्माण राप्ती - ७ |
| १९ | कल्वर्ट निर्माण | ४२ | खरको छाना विस्थापित गर्दै टिनको छाना वितरण |
| २० | झोलुङ्गे पुल निर्माण | | |
| २१ | विभिन्न स्थानमा हेमपाइप राख्न कार्य | ४३ | विपन्न नागरिकलाई आवासको लागि घर निर्माण |
| २२ | नगर सभाहल निर्माण | | |
| २३ | सामाजिक व्यक्तित्व गोपाल पाठकको नाममा गोपाल स्मृति भवन निर्माण | ४४ | धार्मिक स्थल मठ मन्दिर, गुम्बा, चर्च निर्माण तथा मर्मत |

## नगर तथा वडा कार्यालय भवन निर्माण



राप्ती नगरपालिकाको नवनिर्मित प्रशासकीय भवन



राप्ती नगरपालिकाको निर्माणाधीन १ नं. वडा कार्यालय




राप्ती नगरपालिकाको नवनिर्मित २ नं. वडा कार्यालय




राप्ती नगरपालिकाको नवनिर्मित ३ नं. वडा कार्यालय





राप्ती नगरपालिकाको ४ नं. वडा कार्यालय




राप्ती नगरपालिकाको ५ नं. वडा कार्यालय



राप्ती नगरपालिकाको नवनिर्मित ६ नं. वडा कार्यालय



राप्ती नगरपालिकाको ७ नं. वडा कार्यालय



राप्ती नगरपालिकाको नवनिर्मित ८ नं. वडा कार्यालय



राप्ती नगरपालिकाको नवनिर्मित ९ नं. वडा कार्यालय



राप्ती नगरपालिकाको १० नं. वडा कार्यालय



राप्ती नगरपालिकाको निर्माणाधिन ११ नं. वडा कार्यालय



राप्ती नगरपालिकाको निर्माणाधीन १२ नं. वडा कार्यालय



राप्ती नगरपालिकाको नवनिर्मित १३ नं. वडा कार्यालय



राप्ती नगरपालिकाको नवनिर्मित नगर सभाहल, राप्ती–२

## प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण तथा निर्माण



प्रतापपुर शिवालय मन्दिर, राप्ती-३



ओमकारेश्वर मन्दिरस्थित मूर्ति, राप्ती-५



च्योमदेन दे ढा च्योम बौद्ध गुम्बा मर्मत, राप्ती-९



ओमकारेश्वर मन्दिर, राप्ती-५



चौतर्फी ढलान बाटो निर्माण, राप्ती-८



पक्की नाला निर्माण, राप्ती-४



सोलार वितरण राप्ती-११, १२ र १३



कालोपत्रे सडक, राप्ती-६



कल्भर्ट निर्माण, राप्ती-११



खोला तटबन्धन, राप्ती-१०



निर्माणाधीन पुल, राप्ती-९



नवनिर्मित झोलुङ्गे पुल, राप्ती-१०




विपन्नलाई घर निर्माण, राप्ती-८

## पर्यटकीय स्थल निर्माण तथा संरक्षण



पर्यटकीय स्थल भासमणि ताल मर्मत सम्भार, राप्ती–६



भ्युटावर निर्माण, राप्ती–१




जे.पी. भेटवाल स्मृति पार्क निर्माण, राप्ती–६



पिपुल्स पार्क निर्माण, राप्ती-९



प्रदेश सरकार तथा नगरपालिकाको सहयोगमा निर्माणाधीन शिखर हरियाली इको टुरिजम पार्क, राप्ती-४




नवनिर्मित रातोमाटे फन पार्क, राप्ती-८



जस्तापाता वितरण, राप्ती-४





राजमार्गमा सिसिटिभी जडान, राप्ती-१, २, ३, ५, ६, ७ र ८

# शिक्षातर्फ भएका उपलब्धीहरू

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम |
|---|---|
| १ | बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरूको मासिक पारिश्रमिक रु १५०००। बनाउन नगरपालिकाबाट थप गरिएको |
| २ | वडा नं. १०-१३ का कक्षा १-५ का सबै र परेवाकोट, धमिलिका बालबालिकालाई न्यानो कपडा वितरण गरिएको |
| ३ | स्थानीय विषयको पाठ्यक्रम निर्माण (१ देखि ८) |
| ४ | विद्यालयका भवन निर्माण |
| ५ | शौचालयका भवन निर्माण |
| ६ | खेल मैदान निर्माण र मर्मत |
| ७ | SEE दिने कक्षा १० का विद्यार्थीहरूलाई ३ महिना निशुल्क अतिरिक्त कक्षा सञ्चालन (Math, Science, English) |
| ८ | विद्यालयमा भर्ना अभियानबाट बालबालिका भर्ना १०० % |
| ९ | सुस्त श्रवण बालबालिकाका लागि विशेष कक्षा रुपमा बजरहट्टी नि.मा.वि. मा आधारभूत तालिम सञ्चालन गरिएको छ |
| १० | बाल विकास सहजकर्ताको लागि सामग्री निर्माण तालिम सञ्चालन |
| ११ | भण्डारा मा.वि. राष्टिय स्तरमा र वीरेन्द्र आदर्श मा.वि. प्रदेश स्तरमा नमुना विद्यालय विकास कार्यक्रम सञ्चालन |
| १२ | ECD - कक्षा ५ सम्मका बालबालिकालाई दिवा खाजा वितरण |
| १३ | लक्षित विद्यार्थीलाई छात्रवृत्ति (छात्रा, दलित, सिमान्तकृत) |
| १४ | राष्ट्रिय माध्यमिक विद्यालय महादेवटारमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालनमा रहेको |
| १५ | विद्यालयमा इन्टरनेट जडान गरिएको |
| १६ | कोभिड-१९ महामारीमा वैकल्पिक सिकाइ सहजीकरण, स्वअध्ययन सामग्री वितरण |
| १७ | राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता प्रत्येक वर्ष सञ्चालन हुँदै आएको |
| १८ | तीन ओटा विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालनमा रहेको |
| १९ | सामुदायिक विद्यालयका कक्षा ९-१२ का विद्यार्थीहरूलाई असहाय तथा जेहेन्दार छात्रवृति व्यवस्था |
| २० | सामुदायिक विद्यालयमा ५ वटा ECD सहयोगी कार्यकर्ता अनुदान |
| २१ | सामुदायिक विद्यालयमा २ वटा नि.मा. शिक्षक व्यवस्थापन |
| २२ | सुत्केरी विदामा बस्ने शिक्षकको सट्टामा स्वयसेवक शिक्षक व्यवस्था |
| २३ | सुस्त श्रवण कक्षाका लागि आयाकोटा थप-१ |

| | |
|---|---|
| २४ | ICT तथा IEMIS सम्बन्धि तालिम सञ्चालन |
| २५ | लोपोन्मुख चेपाङ बालबालिकाहरूलाई टाढाबाट विद्यालय आउन अप्ठ्यारो भएको हुँदा होस्टेल निर्माण (यौरालीटार, थाकलटार, स्वामीटार, कान्देश्वरी आ.वि.) सञ्चालन |
| २६ | बिस वर्ष उमेर माथिका विद्यालयमा अध्ययनरत अविवाहित चेपाङ छात्रालाई प्रोत्साहन/छात्रवृति कार्यक्रम |

## शिक्षातर्फ भएका महत्वपूर्ण कार्यहरू

| क्र. सं | कार्यक्रमको नाम | कार्यक्रम प्राप्त गर्ने विद्यालयको नाम |
|---|---|---|
| १ | मा.वि.मा पुस्तकालय स्थापना ( फर्निसिङ, किताब खरिद तथा ई पुस्तकालय समेत) | गणेश मावि, मा वि ब्रह्मनगर, वीरेन्द्र आदर्श मा.वि. |
| २ | शिक्षण सिकाईमा ICT को प्रयोग | रामावि महादेवटार, काशीरुपा आ.वि., नयाँबस्ती आ.वि. |
| ३ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला | मावि ब्रह्मनगर, भण्डारा मा.वि., रा.आ.वि. स्वामीटार |
| ४ | गणित,विज्ञान र अंग्रेजी विषयको लागि KID अनुदान | आ वि शिरकोट, आ वि आपपानी, आ वि धमौरा, गणेश मा वि, आ वि बजरहठ्ठी |
| ५ | कक्षाकोठा निर्माण अनुदान (फर्निचर सहित) | आ वि आँपपानी,आ वि बजरहठ्ठी, हात्तीसुढे आवि, आवि चित्रकोट,आवि डिहिटार |
| ६ | WASH सुविधा सहितको शौचालय | रा मा वि महादेवटार, आवि काशिरुपा, भण्डारा मावि, लेकाली आ.वि. कान्देश्वरी |
| ७ | शिक्षकको शिक्षण सिकाइमा बिताउने समयावधि सुधार योजना | आवि आँपपानी, जनज्योती आवि मार्ताल,आवि शिरकोट, काशिरुपा आवि |
| ८ | नमुना विद्यालय कार्यसम्पादन करारका आधारमा प्रोत्साहन | भण्डारा मा वि |
| ९ | प्रोत्साहन अनुदान (उत्कृष्ट सि उ भएका विद्यालय) | मावि ब्रम्हनगर |
| १० | तोकिएको सूचकाङ्कको आधारमा कार्यसम्पादनमा आधारित अनुदान | आवि पढरिया, आवि शिरकोट, गणेश मावि, मावि ब्रह्मनगर, बुद्धशान्ति मा वि, रा मा वि महादेवटार, आ.वि. नयाँबस्ती, मा.वि. ब्रह्मनगर, वनस्पति आ.वि. |

# विद्यालय भवन निर्माण तथा स्तरोन्नति


थाकलटार मा.वि., राप्ती-११


नवनिर्मित काशीरुपा आधारभूत विद्यालय भवन, राप्ती-४


सङ्घीय नमुना विद्यालय, राप्ती-६



थाकलटार छात्रावास, राप्ती-११




प्रदेश नमुना विद्यालय, राप्ती-७



इ-लाइब्रेरी, वीरेन्द्र आदर्श मा.वि., राप्ती-७




भण्डारा मा.वि., राप्ती-६ लाई बस हस्तान्तरण




नमुना बाल कक्षा, दिव्यज्योति आधारभूत विद्यालय, राप्ती-७




नेपाल-कोरिया विज्डम स्कूललाई बस हस्तान्तरण



भेटेरेनरी ल्याब, बुद्धशान्ति मा.वि., राप्ती-२



ढलान बाटोसहितको खेल मैदान, राप्ती-२, चौकीडाँडा



आधारभूत विद्यालय बज्रहट्टी, राप्ती-८



सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई न्यानो कपडा वितरण

## खेलकुद सम्बन्धी कार्यक्रमहरु



राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता–२०७७



राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता–२०७७





नगरस्तरीय कर्मचारीमैत्री फुटबल प्रतियोगिता–२०७८



नगरस्तरीय कर्मचारीमैत्री फुटबल प्रतियोगिता–२०७८

## स्थानीय विषय पाठ्यक्रम निर्माण कार्यक्रम













## स्वास्थ्य क्षेत्रमा भएका उपलब्धीहरू

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम |
|---|---|
| १ | २४ घण्टा सेवा दिन भण्डारा अस्पताल सञ्चालन |
| २ | १० सैयाको सबै पूर्वाधार सहितको अस्पताल भवनका निर्माण कार्य सुरु भएको |
| ३ | आमा पोषण कार्यक्रम सञ्चालन भएको छ । |
| ४ | सुत्केरी भएका महिलाहरूलाई नगरको तर्फबाट स्वास्थ्य चौकीमा सुत्केरी भएमा रु २०००। प्रोत्साहन स्वरुप दिने । |
| ५ | महिला स्वयंसेविकालाई यातायात खर्च प्रदान गरिएको । |
| ६ | राप्ती नगरपालिका भण्डारा अस्पतालमा जनसमुदायलाई सहुलियत हुने गरी नगरपालिकाको एम्बुलेन्स सञ्चालन गरिएको छ । जसमा ९० वर्ष उमेर पूरा भएका वृद्धलाई निशुल्क, ८०-९० उमेर समूह र क्यान्सर, मुटु, मृगौला रोगीलाई ५०% छुट सुविधाको व्यवस्था भएको छ । स्वास्थ्य चौकीबाट भरतपुर अस्तात सम्म सुत्केरी हुन जान निशुल्क एम्बुलेन्स सुविधा । |
| ७ | ४ वटा खोप केन्द्र निर्माण |
| ८ | १२ देखि १७ वर्षका विद्यार्थीहरूलाई खोप लगाउने कार्य भइ रहेको । |
| ९ | १ वटा सामुदायिक स्वास्थ्य इकाइ सञ्चालनमा आएको छ । |
| १० | पूर्ण खोपयुक्त नगरपालिका घोषणा गरिएको |
| ११ | स्वास्थ्य चौकीबाट सेवा प्रवाह गर्ने क्रममा बाह्रै महिना औषधी वितरण गरिएको |
| १२ | चेपाङ समुदायलाई लक्षित गरी परिवार नियोजनका कार्यक्रमहरू सम्पन्न गरिएको |
| १३ | आयुर्वेदतर्फ औषधीको आपूर्तिको व्यवस्था गरिएको |
| १४ | राप्ती नगरपालिका वडा नं. १ मा आयुर्वेद गाउँघर क्लिन स्थापना गरी सञ्चालनमा ल्याइएको |
| १५ | स्वास्थ्य सेवा नपाएका १ ३ ४ ६ ७ ८ र ११ नं. वडाका लागि स्वास्थ्य सेवा दिने योजनाका साथ प्रत्येक वडामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गरिएको साथै १ ३ ६ ७ ८ र ११ नं. वडामा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणको अन्तिम चरणमा पुगेको |
| १६ | २० वेडको अक्सिजन सहितको कोभिड-१९ आइसोलेसन सञ्चालनमा ल्याइएको |
| १७ | ३०० एम ए को एक्सरे मेसिन जडान र ल्याबमा ह्योमाटोलोजी मेसिन जडान गरिएको |
| १८ | कोराक, लोथर, पिप्ले, भण्डारा र वीरेन्द्रनगरमा बर्थिङ सेन्टर स्थापना गरिएको र सबै बर्थिङ सेन्टरमा आवश्यक उपकरण खरिद गरी सञ्चालनमा रहेको । |
| १९ | कोराक, वासवाङ र स्वास्थ्य चौकीमा सोलार जडान साथै वीरेन्द्रनगर स्वास्थ्य चौकीमा ल्याव सञ्चालन गरिएको । |
| २० | कोराना भाइरसको कोप सबै वडाहरूमा पुऱ्याइएको |

| | |
|---|---|
| २१ | पाठेघर खस्ने महिलाको स्क्रिनिङ तथा भि आइ ए जाँच शिविर प्रत्येक वर्ष गरिएको। |
| २२ | कोरोनाको समयमा राहत तथा खाद्य सामग्री वितरण। |

## स्वास्थ्यतर्फ भएका कार्यक्रमहरूको विवरण

| क्र सं. | कार्यक्रम | स्थान |
|---|---|---|
| १ | बर्थिङ सेन्टरमा सुत्केरी हुने महिलालाई प्रोत्साहन खर्च भुक्तानी | |
| २ | म. स्वा.से. यातायात खर्च भुक्तानी कार्यक्रम | |
| ३ | पूर्ण खोप घोषणा कार्यक्रम | |
| ४ | भवन निर्माण वासवाङ, लोथर, कोराक र पिप्ले स्वास्थ्य चौकी हालसम्म | |
| ५ | खोप केन्द्र निर्माण १ ६ ७ र ९ नं वडा | |
| ६ | ७ वटा आ.स्वा.के. केन्द्र सञ्चालन तथा भवन निर्माण हालसम्म वडा नं. १ ३ ६ ७ ८ र ११ मा | |
| ७ | Measles outbreake Management | वासवाङ |
| ८ | Covid–19 Pandemic Management | राप्ती न पा |
| ९ | पोषण केन्द्र स्थापना वीरेन्द्रनगर स्वास्थ्य चौकी | राप्ती-९ |
| १० | २० वेडको अक्सिजन सहितको कोभिड-१९ आइसोलेसन अस्पताल | राप्ती-५ |
| ११ | स्वास्थ्य कर्मचारी जनशक्ति व्यवस्थापन अस्पताल,आ स्वा के, बर्थिङ सेन्टर | |
| १२ | नगरपालिकाको आफ्नो एम्बुलेन्स सञ्चालन | राप्ती-५ |
| १३ | 3 MA एक्स रे मेसिन जडान भण्डारा अस्पताल | राप्ती-५ |
| १४ | ल्याबमा हेमाटोलोजी मेसिन जडान भण्डारा अस्पताल | राप्ती-५ |
| १५ | बर्थिङ सेन्टरमा स्थापना कोराक स्वास्थ्य चौकी | राप्ती-१० |
| १६ | भएका वर्थिङ सेन्टरमा आवश्यक उपकरण खरिद | सबैमा |
| १७ | ल्याप तथा माइक्रोस्कपिक सेन्टर स्थापना | |
| १८ | सोलार र फ्रिज जडान कोराक स्वास्थ्य चौकी | |
| १९ | सोलार जडान लोथर स्वास्थ्य चौकी | राप्ती-१२ |
| २० | भवन निर्माण खहरे | राप्ती-१० |
| २१ | Refrigenerator for vaccine storage bhandara Hospital | राप्ती-५ |
| २२ | Chest Freezer Bhandara Hospital | राप्ती-५ |
| २३ | पूर्ण खोप दिगोपना कार्यक्रम नियमित | |
| २४ | पाठेघर खस्ने महिलाको स्क्रिनिङ तथा भि आइ ए जाँच शिविर प्रत्येक वर्ष सञ्चालन गरेको | |
| २५ | LPF कार्यक्रम | |

## विपन्न नागरिक उपचार सहायता सिफारिस

२०७७ साल फागुन २३ बाट २०७८ असोज १८ सम्म लगाएको

| S.N. | Type disease | Total |
|---|---|---|
| 1 | Cancer | 50 |
| 2 | Heart disease | 34 |
| 3 | Kidney disease | 17 |
| 4 | Head injury | 2 |
| 5 | Cervical Injury | 1 |
| | Total | 104 |

